नाम – नविन दाहाल

कक्षा – बी.बी.एस दोस्रो वर्ष

विषय – निबन्ध प्रतियोगिता

ठेगाना – बाँफिकोट गाउँपालिका ४ रुकुम (पश्चिम)

विद्यालय – रुकुमेली क्याम्पस

'सुचना प्रविधिको युगमा डिजिटल साक्षरता'

एक्काइसौँ शताब्दीलाई सुचना प्रविधिको युग मानिन्छ। आजको विश्वमा प्रविधि सुविधा बिलासिता मात्र नभई जीवनको अनिवार्य आवश्यकता बनिसकेको छ। बिहान उठेदेखि राति नसुतेसम्म हामी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा डिजिटल यन्त्रहरुसँग जोडिएका हुन्छौं। यस्तो अवस्थामा साक्षरताको परिभाषा पनि बदलिएको छ। बिगतमा अक्षर चिन्नु, लेख्नु र सामान्य गणित हिसाब गर्न जान्नुलाई साक्षरता मानिन्थ्यो तर आजको युगमा प्रविधिको प्रयोग गरी सुचना खोज्ने त्यसको बिश्लेषण गर्ने, सामाग्री सिर्जना गर्ने र सञ्चार गर्न सक्ने क्षमतालाई डिजिटल साक्षरता मानिन्छ। यो केवल प्रविधि चलाउन मात्र होइन, बरु प्रविधिलाई बुद्धिमानीपूर्वक र सुरक्षित रुपमा प्रयोग गर्ने कला हो।

कम्प्युटर, इन्टरनेट तथा अन्य माध्यमको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्ने सङ्कलित तथ्याङ्कलाई प्रशोधन गरी सुचनामा परिवर्तन गर्ने, प्रशोधित सुचनालाई भण्डारण गर्ने र उक्त सुचना प्रयोगकर्तालाई उपलब्ध गराउने कार्य नै सुचना तथा सञ्चार प्रविधि हो। जसलाई छोटकरीमा सुचना प्रविधि (आइटी) पनि भन्ने गरीन्छ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी कुनै पनि सूचना प्राप्त गर्ने मूल्याङ्कन गर्ने सिर्जना गर्ने र सञ्चार गर्ने क्षमतालाई डिजिटल साक्षरता भनिन्छ। वा कम्प्युटर मोबाइल, इन्टरनेट जस्ता डिजिटल उपकरणहरूको सही, सुरक्षित र प्रभावकारी प्रयोग गर्ने बुझिन्छ। यसले डिजिटल साक्षरताभित्र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी प्राविधिक ज्ञान र सिप दुवै पर्दछन्। आजको वैज्ञानिक युगमा सूचना तथा सञ्चार प्रविधिको जीवनका हरेक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भइरहेको छ। हाल कुनै पनि क्षेत्रमा सफल हुन डिजिटल साक्षरता नभई नहुने अवस्था आएको छ त्यसैले हरेक व्यक्तिले यो ज्ञान र सिपहरू प्राप्त गर्नैपर्ने भएको छ। डिजिटल प्रविधिको प्रयोगले हाम्रो जीवनको हरेक पक्षमा गहिरो परिवर्तन ल्याएको छ। उदाहरणका लागि जस्तै: ~~बैंक~~ बैंकिङ, कारोबारलाई सहज र सुगम बनाउँदै जनचेतनामूलक सञ्चार र सूचनाको आदानप्रदानलाई तीव्र र प्रभावकारी, शिक्षा र अध्ययनमा नवीनता र विकास प्रदान, व्यापार व्यवसायमा वृद्धि तथा स्वास्थ्य र मनोरञ्जनात्मक गतिविधिमा सुधार गर्दै डिजिटल ~~साक्षरता~~ शिक्षा अनिवार्य भइसकेको छ। ~~यस~~

आजको शताब्दीमा आधुनिक प्रविधिको बढ्दो प्रयोग सँगै मानिसहरू नचिन्ने गरी यसको लत परेको देखिन्छ। हरेक मानिस प्रविधिसँग परिचित हुन चाहन्छन् र यसको प्रयोगबाट फाइदा लिन ~~[illegible]~~ भनिन्छ / र

प्रविधिसँग परिचित हुनु डिजिटल साक्षरताको रूपमा लिन सकिन्छ। यसबाट नयाँ युगको खोजी गर्ने डिजिटल युग र इन्टरनेटको साथसाथै सुचनाहरु खोज्ने शैली द्रुत गतिमा भइरहेको यान्त्रिक परिवर्तनको एक नमुना हो। रोबटले मान्छे जस्तै बोल्छ र मेसिनको प्रयोग द्वारा काम गर्न सकिने हुन्छ र भन्ने ~~मेसिनको प्रयोगद्वारा काम गर्ने सकिलो~~ एकादेशका कथाहरु जस्ता लाग्ने आज हाम्रो आँखा अगाडी निर्माण भइरहेका छन, हाम्रो गाउँ ठाउँमा विकास निर्माणमा प्रयोग भइरहेका छन। विश्वको एक कुनामा बस्ने मानिसले संसारको सुचना एक क्लिकमा पाउँछन यो परिवर्तन हामीले सोचेको जस्तो नभई युग-युगको परिश्रम र मेहनतले बनेको छ। तसर्थ आज हामीलाई प्राप्त भएको उपलब्धीलाई संस्थागत गर्दै भावी दिनमा उपयोगी हुने गरी ग्रहण गर्न जरुरी छ। उसो भए डिजिटल साक्षरता भनेको के हो त ? भन्ने विषयमा सबैको मतऐक्यता नभएपनि विशेष गरेर यसलाई जानकारी र सम्पार प्रविधिहरु पत्ता लगाउन, मुल्याङ्कन गर्न, सिर्जना गर्न दुवै संज्ञात्मक र प्राविधिक सीपहरुको अधिकतम प्रयोग गर्नुलाई जनाउँछ। डिजिटल प्लेटफर्मको प्रयोग र लोकप्रियता नव शैक्षिक क्षेत्रमा दुई दशक पहिलेबाट भयो, त्यसबेला देखि नै कामलाई सरल र समयमा सम्पन्न गर्ने सहजता भएबाट बढेको देखिन्छ। AI. chatgpt जस्ता प्लेटफर्महरुको प्रयोगबाट पढाई र अन्य सामाग्री जुटाउन सहज पुर्‍याएको छ। घरमा टेलिभिजन हेर्नबाट समाचार र मनोरञ्जन लिन सक्नुलाई सबै सफलताको रुपमा लिन सकिन्छ। त्यस्तो नोकिया फोन पनि

स्पष्ट कोशै ढङ्गको रुपमा लेखिन्थ्यो । तर डिजिटल साक्षरताको ज्ञान थिएन । आज आएर स्क्रिन एन्ड मोबाईल घरायसी प्रयोजनका लागी अत्याधुनिक मेशिनहरुको प्रयोग हुनु निकै ठुलो कदमको हो । शिक्षण सिकाईमा विद्यार्थीहरुले उन्नत स्मार्ट फोन, ट्याबलेट ल्यापटप, कम्प्युटर जस्ता उपकरणहरुको प्रयोग विद्यार्थीको हाल हालमा प्रयोग भइरहेका छन् जसले गर्दा सिकाईमा सहजता र गुणस्तरमा उपयोगी भइरहेको छ। डिजिटल डिजिटल साक्षरता यदि प्रिन्ट साक्षरता अपर्याप्त भएको महशुस हुन्छ । प्राथमिकताका परिवर्तन भएका छन् सामाजिक र आर्थिक रुपान्तरण डिजिटलाइजेशन एक वरदान भएको छ । आजको युगमा डिजिटल प्रविधिको प्रयोग गर्न रुचाउँछन् जस्तै शब्दकोष यसको डिजिटल पक्षलाई उपलब्धताका आधारमा बढि रुचाउछन् जब जानकारीमा द्रुत अलिकै -प्रभावकारी रहन्छन् । यसपछि सबै मुल्याङ्कन गर्न सकिन्छ यो समय सँगै डिजिटल साक्षरता स्कुल कलेज तथा क्याम्पस वा हस्पीटल, व्यापार व्यवसाय जस्ता क्षेत्रमा अति आवश्यक विषय बनिसकेको छ। डिजिटल साक्षरताका सिपहरु तर केवल जानकारी प्राप्त गर्ने मात्र सीमित छैन । विशेष गरी विद्यालयहरु र शिक्षकहरुको यो सुनिश्चित गर्नु आवश्यक छ कि विद्यार्थीहरु विभिन्न डिजिटल प्लेटफर्मको बाट सुचनाको निष्क्रिय उपभोक्ता मात्र नभई डिजिटल सामाग्री सिर्जना गर्न, जानकारीको प्रामाणिकताको मुल्याङ्कन गर्ने र जाँच गर्ने साथसाथ कुराकानी गर्ने र जानकारी साझा गर्ने सिप जस्ता सीपहरु पनि सिक्छन् यसरी हेर्दा डिजिटल साक्षरता आजको बदलिदो समयको नरोकिने आवश्यकता

बनिसकेको छ। यसलाई बहुउपयोगी ढंगले प्रयोग गर्न सक्नु हो भने समयको सदुपयोग भई काम छिटो हुन्छ। त्यसैले डिजिटल साक्षरता आजको आधारभूत आवश्यकता मानिन्छ।

नेपालमा डिजिटल साक्षरताको अवस्था अन्य विकासशील देशहरूसँग तुलना गर्दा न्यून स्तरको रहेको पाइएता पनि ~~सा~~ तथ्याङ्क हेर्दा यो क्षेत्रमा उल्लेखनीय सुधार भएको देखिन्छ। विभिन्न शोधकर्ता द्वारा ~~फिर्म~~ रिपोर्ट तथा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको रिपोर्ट अनुसार सामान्य साक्षरता दर ७६.३२ प्रतिशत, वित्तीय साक्षरता करिब ५८.९५ प्रतिशत र डिजिटल साक्षरता करिब ३१.५ प्रतिशत रहेको पाईन्छ कोभिड-१९ महामारी पछि डिजिटल प्रोडक्टहरू र सेवाको प्रयोगकर्ता सङ्ख्या वृद्धि भएको देखिएको छ। भने विभिन्न वित्तीय प्रोडक्ट मोबाईल बैंकिङ र इन्टरनेट~~को~~ बैंकिङ प्रयोग गर्ने वृद्धिदर क्रमश: १४.४५ प्रतिशत र ३४.३५ प्रतिशत रहेको छ त्यसैगरी इन्टरनेट प्रयोगकर्ताहरूको सङ्ख्यामा १५.४० मिलियनको हाराहारीमा पुगेको छ। विभिन्न सामाजिक सञ्जालमध्ये फेसबुक बढी प्रयोग हुने र यसको प्रयोगकर्ता सङ्ख्या १२.५० मिलियन रहेको छ जसले एक वर्षको अवधिमा करिब ~~१५~~.१५५ प्रतिशत वृद्धि देखाएको छ।

डिजिटल साक्षरताको ~~प्रव~~ प्रवर्धन तथा विकास गर्नका लागि नेपालले डिजिटल

नेपाल फ्रेमवर्क ~~२०२~~ २०१९ लागु गरेको छ। जसले शिक्षा, स्वास्थ्य, कृषि लगायत प्राथमिक क्षेत्रहरूमा डिजिटल प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। विद्यालय र कलेजहरूमा ICT कोर्सहरूको व्यवस्था गरी सूचना प्रविधिको ज्ञान प्रदान गर्ने जोड दिइएको छ। १६ औं योजनाले अघि सारेको सुचना प्रविधियुक्त राष्ट्र निर्माणको सोच अनुसार सञ्चार तथा सुचना प्रविधि मन्त्रालयको कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। यसैगरी नेपाल सरकारको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम बजेट वक्तव्यमा आगामी दशकलाई सुचना प्रविधिको दशकको रूपमा अघि बढाउने लक्ष्य राखेको छ।

यस प्रकार नेपालमा डिजिटल साक्षरताको अवस्था सुधार गर्ने बिभिन्न नीति तथा कार्यक्रमहरू, प्रशिक्षण तथा क्षमता बिकासका प्रयासहरूमार्फत डिजिटल साक्षरताको स्तरलाई अझ उकास्न आवश्यक छ। डिजिटल प्रविधिको व्यापक प्रयोगले आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा ठूलो प्रभाव पार्नेछ, जसले नेपालको समग्र बिकासमा योगदान पुर्याउनेछ।
डिजिटल साक्षरता सुरक्षित इन्टरनेट प्रयोगका लागि आवश्यक छ। आजकल साइबर अपराध ह्याकिङ, ठगी गलत सुचना जस्ता समस्याहरू बढिरहेका छन यदि व्यक्ति डिजिटल रूपमा साक्षर छ भने उसले आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्न, सही र गलत सुचना छुट्याउन र जोखिमबाट बच्न सक्छ। त्यसैले डिजिटल साक्षरता नेपाल दृष्टिबाट

मात्र होइन, सुरक्षा पनि हो। नेपालजस्तो विकासोन्मुख देशमा डिजिटल साक्षरताको महत्व अझ बढि छ। गाउँ-गाउँसम्म इन्टरनेट सेवा विस्तार भइरहेको तर सबै मानिसहरु यसबारे जानकार छैनन् सरकारले विभिन्न कार्यक्रममार्फत डिजिटल साक्षरता बढाउने प्रयास गरिरहेको छ तर अझै काम गर्न बाँकि छ विद्यालय स्तरदेखि नै डिजिटल साक्षरता अनिवार्य गराउनुपर्दछ आजको सुचना प्रविधिको युगमा डिजिटल साक्षरता बिना समग्र विकास सम्भव छैन यो केवल प्रविधि प्रयोग गर्ने सीप मात्र नभई नही, सुरक्षित र जिम्मेवारी प्रयोग गर्ने क्षमता पनि हो त्यसैले प्रत्येक व्यक्तिले डिजिटल साक्षरता हासिल गर्नुपर्दछ र राज्यले पनि यसलाई प्राथमिकता राख्नुपर्दछ यसरी मात्र हामी आधुनिक, सक्षम र समृद्ध समाज निर्माण गर्न सक्छौं।

आजको सुचना प्रविधिको युगमा विश्वमा युद्धको परिभाषा पुर्ण रुपमा बदलिएको छ। पहिलेका युद्धमा युद्ध मैदानमा सेनाको उपस्थिति, ट्याङ्कहरुको गर्जन र आकाशमा लडाकु विमानहरुको उडानबाट चिनिन्थ्यो। तर आजको प्रविधिको समयमा सबै भन्दा भयानक युद्धहरु हुनै आवाज बिना, हाम्रो खल्तीमा रहेको मोबाईल फोन, घरको भित्तामा झुन्डिएको स्मार्ट टिभी र सडकमा गुड्ने गाडीका सेन्सरहरु मार्फत लडिदैं छन्।

अमेरिका र उसका शक्तिशाली सहयोगी राष्ट्रहरुले इरान, रुस र भेनाजुएला जस्ता देशहरुमा सञ्चालन

गरेका अभियानहरूले यो प्रमाणीत गरीसकेका छन् कि युद्धको महाशक्ति त्यो होइन जसको बम छ, त्यो शक्ति ख त्यो हो जसको कब्जामा संसारको इन्टरनेट सर्भर सफ्टवेयरको साँचो छ। डिजिटल प्रविधिको प्रयोगले जब इरानको अति सुरक्षित भट्टीमा गडान गरिएका अचानक आफै पड्किन थाले, त्यहाँका वैज्ञानिकहरूले हप्तौंसम्म के भइरहेको छ भन्ने पत्ता लगाउन सकेनन् त्यहाँ बाहिर मिसायल प्रहार भएका थिएनन् पछि अनुसन्धान गर्दा थाहा भयो कि अमेरिका र इजरायलले संयुक्त रूपमा निर्माण गरेको 'स्टक्सनेट' नामक एउटा सानो सफ्टवेयर भाइरसले ती मेसिनहरूलाई नष्ट गरिरहेको थियो। यो भाइरस कुनै इन्टरनेटबाट होइन एउटा साधारण कर्मचारीले अन्जानमा प्रयोग गरेको पेन-ड्राइभ मार्फत भित्र छिरेको थियो त्यसैले आजको प्रविधिले कडाफिर पर्खाल र सुरक्षा घेरालाई अदृश्य रूपमा पार गरिसकेका छ। सामाजिक सञ्जालमा सुरक्षा केवल आफ्नो पासवर्ड लुकाउनु मात्र होइन बरु आफ्नो डाटाको प्रयोग कसरी भइरहेको छ भनेर बुझ्नु पनि हो। जब हामी कुनै एपलाई आफ्नो लोकेसन वा कन्ट्याक्ट लिस्ट हेर्ने अनुमति दिन्छौं, हामीले अन्जानमै आफ्नो देशको सुरक्षामा सानो खाल प्वाल पारिरहेका हुन्छौं।

प्रविधिको प्रयोग गरेर कुनै पनि देशलाई कसरी घुँडा हिल्लाउन टेकाउन सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण भेनेजुएला बनेको छ।

डिजिटल साक्षरता प्रवर्धनका चुनौतीहरू

नेपालमा डिजिटल साक्षरताको प्रवर्धन एक अत्यावश्यक आवश्यकता भएता पनि यसका लागि थुप्रै चुनौतीहरू छन्। यी चुनौतीहरू विविध प्रकारका छन् र जसले नेपालको डिजिटल प्रगतिको मार्गमा बाधा पुर्याउँदै आएका छन्। विभिन्न चुनौतिको विश्लेषण गर्दा तीन प्रमुख पक्षहरू उठ्छन्

१ भौगोलिक चुनौती

नेपालको भौगोलिक संरचना नै डिजिटल साक्षरताको प्रवर्धनको एउटा मुख्य बाधक हो। हिमाली र पहाडी क्षेत्रहरूमा इन्टरनेटको सेवा तथा डिजिटल उपकरणहरूको पहुँच पाउन कठिनाई हुन्छ। यसले ग्रामीण तथा दुर्गम क्षेत्रका जनतालाई डिजिटल प्रविधिको फाइदा उठाउन असक्षम बनाउँछ।

२. आर्थिक चुनौती

नेपालको आर्थिक अवस्था पनि डिजिटल साक्षरताको प्रवर्धनमा महत्वपूर्ण चुनौति हो। प्रविधि तथा डिजिटल उपकरणहरूको उच्च लागतका कारण धेरै मानिसहरूको पहुँचभन्दा बाहिर छ। विशेषगरी निम्न आय भएका परिवारका लागी कम्प्युटर, स्मार्टफोन र इन्टरनेट सेवाहरूमा लगानी गर्न गाह्रो छ।

३. शैक्षिक चुनौती

डिजिटल साक्षरताको क्षेत्रमा प्रशिक्षित शिक्षकहरूको अभाव छ। धेरै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको शिक्षाको व्यवस्था गरीएको भए पनि प्रशिक्षित शिक्षकहरूको कमीले प्रभावकारी शिक्षण सम्भव छैन

४. प्राविधिक चुनौती

नेपालमा इन्टरनेट सेवाको गुणस्तर र गति पर्याप्त छैन इन्टरनेटको अवरोध र उच्च सेवा शुल्क उच्च भएकोले आम जनताले गुणस्तरीय इन्टरनेट सेवा पाउन कठिनाई अनुभव गर्दैछन् यसले डिजिटल साक्षरतामा बाधा पुर्‍याएको छ।

५. जन चेतनाको कमी

डिजिटल साक्षरताको महत्वबारे धेरै मानिस अझै सचेत छैनन् जसले यसको विकासमा प्रत्यक्ष प्रभाव पारेको छ।

सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको महत्व

आजको समयमा सूचना प्रविधि युग हो। जहाँ कम्प्युटर, इन्टरनेट, मोबाईल, सामाजिक सञ्चालन जस्ता साधनहरूले मानव जीवनलाई धेरै प्रभाव पारेका छन। यस्तो अवस्थामा डिजिटल साक्षरताको महत्व अत्यन्त छ जस मध्ये केहि यस प्रकार छन

१. शिक्षामा

आजकलका विद्यार्थीहरूले अनलाइन कक्षा, ई-बुक, भिडियो ~~लेक्चर~~ लेक्चर जस्ता माध्यमबाट अध्ययन गर्छन। डिजिटल साक्षरता भएका विद्यार्थीले यी स्रोतहरूलाई सजिलै प्रयोग गर्न सक्छ र आफ्नो ज्ञान बढाउन सक्छ।

२. रोजगारीका लागी

अहिले समयमा धेरै कामहरू कम्प्युटर र इन्टरनेटमा आधारित भएका छन अफिसको काम, बैंकिङ, व्यापार, अनलाइन कि फ्रीलान्सिङ जस्ता क्षेत्रमा सफल हुन डिजिटल सीप अनिवार्य छ।

३. सूचनामा पहुँचमा सजिलो बनाउँछ

डिजिटल साक्षरता भएका व्यक्तिले इन्टरनेटबाट छिटो र सजिलै जानकारी प्राप्त गर्न सक्छ। उसले आवश्यक जानकारी खोज्न, बुझ्न र प्रयोग गर्न सकिन्छ

४. सामाजिक सञ्जालको सही प्रयोगमा मदत गर्छ

फेसबुक, युट्युब, ~~[illegible]~~ टिकटक जस्ता माध्यमहरू सही रूपमा प्रयोग गर्न डिजिटल साक्षरता आवश्यक हुन्छ। यसले गलत सूचना बाट बच्न पनि सहयोग गर्छ

५. सरकारी सेवाहरूको प्रयोग सजिलो बनाउँछ

अहिले धेरै सरकारी सेवाहरूमा अनलाइन उपलब्ध छन् डिजिटल साक्षरता भएको व्यक्तिले यस्ता सेवाहरू सजिलै उपयोग गर्न सक्छ।

डिजिटल साक्षरताका बेफाइदा

डिजिटल साक्षरता आफैंमा राम्रो र आवश्यक कुरा हो तर यसको गलत प्रयोग वा अत्यधिक निर्भरता हुँदा केही बेफाइदाहरू देखिन सक्छन् ती केही यस प्रकार छन्

① इन्टरनेटमा अत्यधिक निर्भरता

मानिसहरू धेरैजसो कामका लागि इन्टरनेटमै भर पर्न थालेका छन् जसले स्वतन्त्र सोच्ने क्षमता घटाउन सक्छ

② ध्यान विचलित हुने समस्या

सामाजिक सञ्जाल, गेम, भिडियो आदिमा धेरै समय बिताउँदा, पढाईमा असर पर्छ, समयको दुरुपयोग हुन्छ।

३. साइबर अपराधको जोखिम

डिजिटल ज्ञान भए पनि गलत प्रयोग वा असावधानीका कारण ह्याकिङ, अनलाईन ठगी, डाटा चोरी जस्ता समस्या आउन सक्छन्।

४ मानसिक तनाव

अत्यधिक मोबाईल वा इन्टरनेटको प्रयोगले तनाव, चिन्ता, निद्रामा समस्या जस्ता असर देखिन सक्छ

५ गलत सूचना फैलिने

डिजिटल माध्यमबाट झुटा समाचार छिटो फैलिन् सक्ने भएकाले भ्रममा पर्न सकिन्छ।

डिजिटल साक्षरताको उद्देश्य

डिजिटल साक्षरता केवल प्रविधि चलाउन सिक्नु मात्र होइन, यसले व्यक्तिलाई सक्षम, सचेत र जिम्मेवारी बनाउने लक्ष्य राख्छ। यसका प्रमुख उद्देश्य

- सही रूपमा प्रविधिको प्रयोग गर्ने
- सूचना खोज्ने र मुल्याङ्कन गर्ने क्षमता
- साइबर सुरक्षाबारे सचेत बनाउन
- आलोचनात्मक सोच विकास गर्ने
- प्रभावकारी डिजिटल सञ्चार गराउन
- सामाजिक सिकाइ गर्न सक्षम बनाउनु।

निष्कर्ष:

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता प्रत्येक व्यक्तिको लागि अत्यन्त आवश्यक र अपरिहार्य बनेको छ। यसले शिक्षा, रोजगारी, सञ्चार र दैनिक जीवनलाई सरल, छिटो र प्रभावकारी बनाउँछ। यसको गलत प्रयोगले केही समस्या पनि निम्त्याउन सक्छ, तर सही ज्ञान, सचेतना र जिम्मेवारीपूर्ण प्रयोगबाट ती समस्याहरूलाई नियन्त्रण गर्न सकिन्छ। त्यसैले प्रत्येक व्यक्तिले डिजिटल साक्षरता हासिल गरी यसको सदुपयोग गर्नुपर्छ, जसले व्यक्तिगत विकाससँगै देशको समग्र प्रगतिमा पनि महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

धन्यवाद